# पूर्ण सरसफाई सम्बन्धि नाटक कार्यक्रम

## संचालनका लागि तयार पारिएको

## कार्यशर्त विवरण (Terms of Reference)

२०८१

**यशोधरा गाउँपालिका**

**गाउँ कार्यपालिकाको कार्यालय**

**सामाजिक विकास शाखा**

**बैदौली, कपिलवस्तु**

# पूर्ण सरसफाई सम्बन्धि नाटक कार्यक्रम

## १. पृष्ठभुमी :

यशोधरा गाउँपालिका नेपालको लुम्बिनी प्रदेश अन्तरगत कपिलवस्तु जिल्लामा रहेको छ । यो गाउँपालिका कपिलवस्तु जिल्लाको सदरमुकाम तौलिहवा देखि दक्षिण तिर भारतको सीमा संग जोडिएको छ । यस गाउँपालिका अन्तरगत ८ वटा वडाहरु रहेका छन । राष्ट्रिय जनगणना, २०७८ अनुसार यस गाउँपालिकाको ४४९०० जनसंख्या रहेको छ । यस पालिकामा तराई मधेसका विभिन्न जातजातीहरुको बसोबास रहेको छ जस मध्ये मुस्लिम जातिको जनसंख्या विभिन्न वडामा गरी ११८७३ जना करिब २६.४४ प्रतिशत रहेको छ साथै पासवान, चमार, पासी, हरिजन, धोबी आदि दलित जातजातीको बसोबास समेत रहेको र निजहरुको सरसफाईको अवस्था समेत कमजोर रहेको छ । लै.स.सा.स. परिक्षण र LISA सूचकको आधारमा लैंङ्गिक समानता तथा सामाजिक समावेशीकरणको अवस्था कमजोर रहेको देखिनछ ।

यशोधरा गाउँपालिका २०७४ सालमा खुल्ला दिशा मुक्त र नेपाल राष्ट्र समेत खुल्ला दिशा मुक्त घोषणा भई सकेको भए पनि यस गाउँपालिकामा करिब ३५ प्रतिशत घरधुरीमा चर्पी नभएको अवस्था छ । र करिब ७० प्रतिशत व्यक्तिले दिशा गर्न घर बाहिर जाने गरेका छन । गाउँ बस्ती भित्रको नालीहरुको पानी नबग्ने, फोहारहरु नालीमा जम्मा भई रहेको अवस्थाहरु छ । सरसफाईको कमीले झाडा पखाला, आउ, हैजा जस्ता खतरनाक रोगहरु फैलिरहेको छ । सरसफाईको कमीले लामखुट्टेको बृद्धि विकास बढि रहेको छ जस्ले गर्दा मलेरिया र ईन्सेफलाईटिस रोगको प्रकोप बढदो छ ।

## २. उद्देश्य :

सुन्दर यशोधरा र सफा यशोधरा निर्माणको पहिलो आधार पूर्ण सरसफाई नै हो ।

- गाउँपालिकालाई सफा र सुन्दर बनाउने ।

प्रमुख प्रशासकीय अधिकृत

- सरसफाई सम्बनधी नाटक प्रदर्शन गर्ने ।
- सरसफाई सम्बन्धी सचेतना फैलाउने ।
- सरसफाईको कमीबाट हुने रोग लाग्नबाट बचाउने ।
- घरायसी फोहोरमैला व्यवस्थापनको लागि जानकारी गराउने ।

**३. कार्यविधि :**

नेपालको संविधान, स्थानीय सरकार संचालन ऐन, २०७४, १५ औं आवधिक योजना, दिगो विकासका लक्ष्यहरुमा लैंङ्गिक समानता सामाजिक समावेशीकरण विषयलाई महत्वका साथ सम्बोधन गरेको छ । कार्यालयमा कर्मचारीको अभाव, कार्य व्यस्थता र तालिमा ल्याब नरहेको कारणले मोबाईल मर्मत तालिम तथा प्रविधि हस्तान्तरण कार्यक्रम संचालन गर्न सार्वजनिक खरिद ऐन, २०६३, सार्वजनिक खरिद नियमावली, २०६४ (संशोधन सहित) अनुसार यस क्षेत्रमा विज्ञता भएका विज्ञहरु, फर्म तथा गैर सरकारी संघ संस्थाहरुबाट प्रस्तावना माग गर्ने तथा छनौट गरी काम गरिनेछ । यशोधरा गाउँपालिकाको तालिम व्यवस्थापन तथा सञ्चालन कार्यविधि, २०७७ को अधिनमा रहि कार्यक्रमको बजेट शिर्षक अनुसार बाँडफाँड गरी स्वीकृत प्रस्तावना बमोजिम कार्यक्रम संचालन गर्नु पर्नेछ ।

**४. कार्यक्रम तथा बजेट :**

यशोधरा गाउँपालिकाको आ. व. ०८०।८१ को लागि १३औं गाउँ सभाबाट संशोधित बजेट तथा कार्यक्रममा लैंङ्गिक समानता तथा सामाजिक समावेशीकरण क्षेत्र तर्फ **पूर्ण सरसफाई सम्बन्धी नाटक** कार्यक्रममा रु. ३,००,०००।- (नेपाल सरकार नगद अनुदाान तर्फ) रकम विनियोजित रहेको छ ।

प्रमुख प्रशासकीय अधिकृत

**५. लक्षित सहभागी :**

यशोधरा गाउँपालिकाको सरसफाईको अवस्था कमजोर भएको टोल बस्ती र विभिन्न चोकहरुमा खुल्ला स्थल तथा सडकमा पूर्ण सरसफाई बारे जनचेतनामूलक नाटक प्रदर्शन गरिनेछ । सो नाटक कार्यक्रममा धेरै भन्दा धेरै व्यक्तिलाई सहभागि गराईने छ ।

**६. संघ संस्था तथा फर्मको योग्यता र अनुभव :**

- दर्ता तथा नविकरण प्रमाणपत्रको प्रतिलिपी,
- मुल्य अभिवृद्धि कर प्रमाण पत्रको प्रतिलिपी,
- २०७९।०८० को कर चुक्ता प्रमाण पत्रको प्रतिलिपी,
- मौजुदा सूचिमा दर्ता भएको सूचिकृत प्रमाण पत्रको प्रतिलिपी,
- समान प्रकृतिको कामको अनुभव भएको,
- संस्थाको कार्यानुभव र संस्थाको जनशक्तिको योग्यता एव अनुभवको विवरण र काम गर्ने मानविय श्रोतको वायोडाटा सहितको विवरण ।

**७. संघ संस्था तथा फर्म छनौटको आधार :**

कार्यक्रम संचालनका लागि सेवा प्रदायक संघ संस्था तथा फर्मबाट पेश भएका प्रस्तावहरुको मूल्यांकन प्रक्रिया देहायको आधार तथा तपशिलको अंकको सीमा ननाघ्ने गरी अंकभारको आधारमा मूल्याङ्गन गरी छनौट गरिनेछ :-

(क) खास कामको अनुभव - २५ अंक

(ख) संस्थागत क्षमता र स्थानीयता - २० अंक (१५ + ५ अंक)

(ग) जनशक्तिको योग्यता र अनुभव - २० अंक (१० + १० अंक)

प्रमुख प्रशासकीय अधिकृत

(घ) लगत सहभागीता प्रतिशत तथा कागजात - १५ अंक (५ + १० अंक)

(ङ) न्यून लागत रकम - २० अंक

**८. कार्यक्रमको मिति र सयम :**

सम्झौता हुने संघ संस्था वा फर्मले नाटक कार्यक्रम कम्तिमा प्रत्येक वडा भित्र सञ्चालन गर्नु पर्नेछ । यस गाउँपालिका भित्रको विभिन्न चोक चौराहा र टोल बस्तीमा नाटक प्रर्दशन गर्नु पर्नेछ साथै सम्झौता पत्रमा उल्लेख भएको मिति र समयमा कार्यक्रम संचालन गरी सम्पन्न गर्नु पर्नेछ ।

**९. बजेट खर्च विवरण :**

यो कार्यक्रम संचालनको लागि संघ संस्थालाई कुनै प्रकारको पेश्की रकम उपलब्ध गराईने छैन । कार्यक्रममा लागि विनियोजित बजेट मध्ये नाटककर्ताको पारिश्रमिक, कार्यक्रम संयोजक र सहयोगी कर्मचारी भत्ता, खाजा, खाना, यातायात खर्च, अनुगमन, स्टेशनरी तथा अन्य आवश्यक व्यवस्थापनमा खर्च गर्नु पर्नेछ ।

**१०. कार्यक्रमको भुक्तानी व्यवस्था :**

संघ संस्था वा फर्मले सम्झौता अनुसार कार्यक्रम संचालन गरी सम्पन्न भएको प्रतिवेदन लगायत अन्य बिल भरपाई पेश गरेको आधारमा कार्यक्रमको खर्च भुक्तानी गरिनेछ ।

| | |
|---|---|
| पेश गर्ने<br>कृष्ण नाथ पाण्डेय<br>अधिकृत | सदर गर्ने<br>रामचन्द्र ढकाल<br>प्रमुख प्रशासकीय अधिकृत |